जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक २१ २०८३ साल साउन २६ गते मंगलबार (11 Aug 2026 Tuesday) मूल्य रु. ५/-

**बाढी/पहिरोबाट सतर्क रहौं ।**

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : विद्युतीय सवारीसाधनको मोह... ३ पृष्ठमा : सुकी रिहाइको आसियान ... ३ पृष्ठमा :परीक्षा प्रणालीमा सुधारको ...

## ठूलो परिमाणको गाजा बरामद, एक पक्राउ






**दैनिक समाचारदाता**
**राजविराज, २५ साउन ।**

खेतबारीमा बोरा भित्र लुकाई राखेको ठूलो परिमाणको प्रतिबन्धित लागुऔषध गाजा बरामदीसँगै सप्तरी प्रहरीले एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ७ का ५२ वर्षिय मधुरी मुखिया छन् । अनुसन्धानको क्रममा उक्त गाजा लुकाउने व्यक्तिको पत्ता लागेपछी उनलाई प्रहरीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

सोमबार जिल्ला प्रहरी कार्यालय सप्तरीमा आयोजित पत्रकार सम्मेलन तथा मासिक प्रगती बिबरण सार्वजनिक कार्यक्रममा प्रहरीले उक्त घटना सार्वजनिक गरेको हो ।

प्रहरी उपरिक्षक रुपक खडकाका अनुसार अघिल्लो दिन आइतबार विशेष सूचनाका आधारमा प्रहरी निरिक्षक अनिल कुमार साह तथा इप्रका हनुमाननगरबाट प्रहरी वरिष्ठ नायब निरिक्षक नारायण कुमार दाहालको संयुक्त कमान्डमा खटिएको प्रहरी टोलीले सोही वडाको योगिनियाँस्थित कोशी पलार क्षेत्रमा पटुवा खेतबारीबाट प्लास्टिकको बोरामा प्याकिङ गरि राखिएको ३ क्विन्टल २ किलो ४ सय ८० ग्राम गाजा बराबद गरेको हो ।

अनुसन्धान गर्दै जाँदा गाजा तस्करी प्रयोजनका लागि मुखियाँले लुकाइराखेको खुलेपछी उनलाई पक्राउ गरि लागु औषध कसुर मुद्दामा सप्तरी जिल्ला अदालतबाट तीन दिनको म्याद थपेर आवश्यक अनुसन्धान भइरहेको पत्रकार सम्मेलनमा जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक हेमराज घिमिरेले जानकारी दिए ।

प्रहरीले भारतीय सीमासँग जोडिएको पालिका क्षेत्रमा निगरानी र रात्री गस्ति तीब्र बनाएपछि ठुलो परिमाणमा एकपछि अर्को लागुऔषध गाँजा बरामद हुन थालेको छ । यसअघि साउन २२ गते मध्यराती सप्तरीको राजगढ गाउँपालिका १ स्थित नहर छेऊबाट प्रहरीले १ सय ९० किलोभन्दा बढी प्रतिबन्धित लागुऔषध गाँजा बरामद गरेको थियो ।

यस्तै साउन ६ गते भारतीय सीमासँगै जोडिएको हनुमाननगर कंकालिनी नगरपालिकाको रम्पुरा मल्हनिया सडक खण्डमा रात्री गस्तीकै क्रममा प्रहरीले तीन वटा गाडीमा भारततर्फ गइरहेको ३३ क्विन्टल गाँजा बरामद गरेको थियो ।

## बोलबम श्रद्धालु सवार ट्याक्टर दुर्घटना हुँदा १५ जना घाइते

**दैनिक समाचारदाता**
**सिरहा, २५ साउन ।**

पूर्वपश्चिम राजमार्गअन्तर्गत सिरहाको कर्जन्हा नगरपालिका २ बन्दीपुरमा आइतबार साँझ बोलबम श्रद्धालु सवार ट्याक्टर दुर्घटना हुँदा १५ जना घाइते भएका छन् । घाइतेमध्ये एक जनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ ।

कर्जन्हास्थित उत्तरबाहिनी मन्दिरतर्फबाट बन्दीपुरस्थित महेन्द्र राजमार्गतर्फ आउँदै गरेको बोलबम श्रद्धालु भक्तजन सवार ज१त ४८०८ नम्बरको ट्याक्टर साँझ ८:०० बजेतिर स्कुल गेटअगाडिको उकालोमा अनियन्त्रित भई पल्टिएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिएका छन् ।

दुर्घटनामा परी धनुषाको जनकपुरधाम उपमहानगरपालिका १५ रामपुर टोल निवासी १३ वर्षीय अनुराग मण्डल, सोही ठाउँका १७ वर्षीय कृष्णा मण्डल, ४० वर्षीया गङ्गिया मण्डल, १८ वर्षीय राहुल दास, १३ वर्षीय प्रिन्स दास, १८ वर्षीय गोपाल यादव घाइते हुनुभएको छ ।

यस्तै, ३३ वर्षीया मोनाकुमारी मण्डल, ५०

*बाँकी तीन पृष्ठमा*

## ग्यास सिलिण्डर सहज रुपमा बिक्रि बितरण नगरिए कारवाही : जिप्रका

**दैनिक समाचारदाता**
**राजविराज, २५ साउन ।**

जिल्ला प्रशासन कार्यालय सप्तरीले खाना पकाउने एल.पी. ग्यास बिक्री वितरण गर्ने डिलर, व्यवसायीहरुलाई सहज रुपमा बिक्रि बितरणका लागि आग्रह गरेको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी नरेश कुमार यादवद्वारा सोमबार जारि विज्ञप्तिमा ग्यास उद्योग डिलरबाट ग्यास ल्याई सहज रुपमा बिक्रि बितरण नगरी लुकाई छिपाई राखी तोकिएको मुल्य भन्दा बढी रकम लिई होटल, व्यवसायी, ग्राहकहरुलाई बिक्रि बितरण गरिरहेको गुनासो प्राप्त भएको जनाइएको छ ।




सोही सूचनामा नियमित ग्राहकको माग वेवास्त ागर्ने, पहुँच र चिनजानका आधारमा बिक्रि बितरण गर्ने, मुल्य सूची नराख्ने, बिक्रि बिल नदिने, बिल बिजक नराख्ने, कृतिम अभाव सृजना गर्ने, भण्डारण गरी लुकाई राख्ने तथा दर्ता अनुमति नभएका बिक्रेतालाई बितरकले

*बाँकी अन्तिम पृष्ठमा*

## राजु पासवानलाई वैद्य-प्रकाश मानव अधिकार पुरस्कार




**दैनिक समाचारदाता**
**राजविराज, २५ साउन ।**

वैद्य-प्रकाश मानव अधिकार पुरस्कार २०८३ बाट दलित अधिकारकर्मी तथा समाजसेवी राजु पासवान सम्मानित भएका छन् ।

सोमबार राजविराजमा आयोजित ३४औं वैद्य-प्रकाश स्मृति दिवसको अवसरमा मधेश प्रदेश सभाका सभामुख रामअषिश यादवले पासवानलाई सम्मानित गरेका हुन ।

मानव अधिकार तथा सामाजिक न्यायका क्षेत्रमा लामो समयदेखि सक्रिय रहँदै दलित, महिला तथा उत्पीडित समुदायको अधिकारका लागि योगदान पुर्‍याएकोले उनलाई सम्मान गरिएको आयोजक समितिले जनाएको छ ।

वैद्य-प्रकाश स्मृति पुरस्कारका संस्थापक वैद्यनाथ झाले सप्तरीमा स्थापना भई विगत साढे दुई दशकदेखि ग्रामीण क्षेत्रमा दलित, बालबालिका तथा महिलाले भोग्दै आएका विभेद, हिंसा र अन्यायविरुद्ध निरन्तर क्रियाशील रहँदै आएको योगदानको कदरस्वरूप पासवानलाई सम्मान गरिएको जानकारी दिए ।

पासवानले समुदायलाई सचेत बनाउँदै दलित समुदायको सशक्तीकरण, बालविवाह न्यूनीकरण, हिंसापीडितको उद्धार, राहत

*बाँकी तीन पृष्ठमा*

**विषाक्त च्याउ नखाऔंः सुरक्षित बनौं**

❖ जंगली च्याउ खानुअघि यसको पहिचान र सुरक्षाबारे सुनिश्चित गरौं,
❖ अपरिचित च्याउ टिप्ने र खानेबानी त्यागौं,
❖ विषालु च्याउको प्रयोगबाट हुने स्वास्थ्य जोखिमबारे सचेत बनौं,
❖ च्याउ खाएपछि असहज लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
❖ स्थानीय स्तरमा च्याउ विषाक्तता सम्बन्धी जनचेतना फैलाऔं,
❖ सुरक्षित र पहिचान भएको खाद्य पदार्थ मात्र सेवन गरौं।

बिषालु च्याउ खाँदा स्वास्थ्यमा ठूलो जोखिम हुन सक्छः सावधानी अपनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### राजविराज नगर व्यवस्थित कहिले हुने ?

राजविराजलाई व्यवस्थित, सुन्दर र सुरक्षित शहर “समृद्ध-हरित नगर” बनाउने लक्ष्य अझै अधुरै रहेको छ । सप्तरी जिल्लाको सदरमुकाम राजविराज ऐतिहासिक तथा पुरानो शहर हो । यहाँको आफ्नै पहिचान, संस्कृति र सामाजिक महत्व छ । तर समय परिवर्तनसँगै शहरको स्वरूप र आवश्यकता बदलिँदै गए पनि राजविराजको शहरी व्यवस्थापन भने अपेक्षाअनुसार सुधार हुन सकेको छैन । शहरका मुख्य सडकदेखि भित्री गल्लीसम्म सडक, नाला, ढल, फोहोरमैला र पार्किङ व्यवस्थापनको समस्या देखिन्छ । कतिपय स्थानमा सडक अतिक्रमण, अव्यवस्थित बजार, जथाभावी पार्किङ तथा निर्माण सामग्री राख्ने प्रवृत्तिले पैदल यात्रु र सवारीसाधन दुवैलाई समस्या भइरहेको छ । वर्षायाममा पानी निकासको उचित व्यवस्था नहुँदा सडक तथा बस्तीमा जलजमाव हुने समस्या पनि दोहोरिँदै आएको छ ।

राजविराजलाई व्यवस्थित बनाउन केवल सडक निर्माण गरेर पुग्दैन । सडकसँगै नाला, ढल, फुटपाथ, पार्किङ, हरियाली, सार्वजनिक शौचालय, फोहोर व्यवस्थापन र ट्राफिक व्यवस्थापनलाई एकीकृत रूपमा अघि बढाउनुपर्छ । शहर व्यवस्थित गर्ने जिम्मेवारी नगरपालिकाको मात्र होइन । व्यवसायीले आफ्नो पसलको सामान सडकमा नराख्ने, घरधनीले सार्वजनिक स्थान अतिक्रमण नगर्ने, चालकले जथाभावी पार्किङ नगर्ने र नागरिकले सडक तथा नालामा फोहोर नफाल्ने संस्कार विकास गर्नुपर्छ । नगरपालिकाले पनि नियम बनाउने मात्र होइन, त्यसको निष्पक्ष र प्रभावकारी कार्यान्वयन गर्नुपर्छ ।

नगरवासीले कर तिर्छन् भने त्यसको प्रतिफलका रूपमा स्वच्छ, सुरक्षित, सहज र व्यवस्थित शहर पाउने अधिकार पनि राख्छन् । त्यसैले स्थानीय सरकार, राजनीतिक दल, व्यवसायी, नागरिक समाज र आम नगरवासीबीच सहकार्य आवश्यक छ । तसर्थ सम्बन्धित निकायले अब प्राथमिकता निर्धारण गरी समयसीमा तोकेर काम अघि बढाउन अग्रसरता देखाउनुपर्छ ।


## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

जनहीतका लागि : राजविराज दैनिक


# विद्युतीय सवारीसाधनको मोह बढ्दै

**हिमाल लम्साल**

काठमाडौँ, २५ साउन (रासस) ।

सरकारले विद्युतीय सवारीलाई प्रोत्साहन गर्ने नीति लिएपछि ग्राहकहरुको रोजाईमा विद्युतीय सवारीसाधन पर्दै आइरहेको छ । पेट्रोलियम पदार्थको भन्दा निकै कम खर्च लाग्ने, वातावरण अनुकूल र स्वास्थ्यका पनि राम्रो भएसँगै सर्वसाधारण विद्युतीय सवारीसाधनतर्फ आकर्षित भइरहेका छन् ।

राज्यको पेट्रोलियम पदार्थको निर्भरता घटाउँदै कर तथा वित्तीय प्रोत्साहनका उपाय र सहज लगानीका कारण पनि आयातसँगै सर्वसाधारण ग्राहकको रोजाइमा पर्दै आइरहेको छ । पूर्वाधार विकास मन्त्रालयले हालसालै सार्वजनिक गरेको राष्ट्रिय यातायात नीति २०८३ मा नेपालमा हाल आयात हुने निजी कारहरुमध्ये विद्युतीय सवारीसाधनको हिस्सा ७० प्रतिशतभन्दा बढी रहेको औँल्याएको छ ।

नयाँ सवारीसाधनको बिक्री क्षेत्रमा विद्युतीय सवारीसाधनको बजार हिस्सा आधारमा नेपाल विश्वमै दोस्रो स्थानमा पर्न सफल भएको छ । जुन नर्वेभन्दा मात्र पछाडि हो । नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालका पूर्वअध्यक्ष ध्रुव थापाले नेपालमा विद्युतीय सवारीसाधनप्रति सर्वसाधारणको रोजाई बढ्दै गइरहेको बताउनुभयो । “नेपालमा कुल आयात हुने चारपाङ्ग्रे सवारीसाधनमध्ये ७० प्रतिशतभन्दा धेरै हिस्सा विद्युतीय सवारीसाधनको रहेको छ । यसले पक्कै पनि यहाँ विद्युतीय सवारीसाधनप्रति सर्वसाधारणको आकर्षण बढेको देखाउँछ,” उहाँले भन्नुभयो, “विद्युतीय सवारीसाधनको आयातसँग सोसँग आवश्यक पर्ने चार्जिङ स्टेशन र सडक लगायतका पूर्वाधारमा समेत विशेष जोड दिन आवश्यक भइसकेको छ ।”

पूर्वअध्यक्ष थापा नेपालमा रु १५ लाखदेखि चार करोड मूल्य पर्ने विद्युतीय सवारीसाधनको आयात हुँदै आइरहेको बताउनुहुन्छ । “नेपाली ग्राहकहरुमा किफायती मूल्यका चार पाङग्रे विद्युतीय सवारीसाधनदेखि अत्याधुनिक फिचर्स भएका विद्युतीय सवारीसाधनतर्फ मोह बढिरहेको छ”, उहाँले भन्नुभयो ।

राष्ट्रिय यातायात नीति २०८३ पनि विद्युतीय सवारीसाधन र चार्जिङ्ग स्टेशनलाई प्रवर्द्धन गर्ने गरी कार्यान्वयनमा ल्याइएको छ । मन्त्रिपरिषद्को २०८३ असार २४ गते बसेको बैठकले पारित गरी कार्यान्वयनमा ल्याएको यस नीतिमा नेपालको एकीकृत यातायात प्रणालीलाई सुरक्षित, सुलभ, दिगो र प्रतिस्पर्धी बनाउँदै आर्थिक समृद्धि, सामाजिक समावेशीता र क्षेत्रीय एकीकरणमा प्रभावकारी योगदान पुऱ्याउने मुख्य लक्ष्य राखिएको छ ।

नेपाल सरकारले बिबिआइएन, सासेक र बिमस्टेकजस्ता क्षेत्रीय मञ्चहरुमार्फत क्षेत्रीय सम्पर्क, आर्थिक करिडोर विकास तथा सीमापार यातायात प्रवर्द्धन गर्ने उद्देश्यका साथ विभिन्न पहलहरु अघि बढाउँदै आएका कारण पनि यातायात क्षेत्रमा सुधारका सङ्केतहरु देखापरेका छन् । बढ्दो जलवायु परिवर्तनजन्य जोखिम र असरहरुको सन्दर्भमा नेपालले पेरिस सम्झौताप्रति प्रतिवद्धता जनाउँदै जलवायु सहनीय, हरित तथा दिगो यातायात प्रणालीको विकासलाई प्राथमिकतामा राख्दै आएको छ ।

**त्रिसट्ठी हजार पुग्यो विद्युतीय सवारीसाधन**

राष्ट्रिय यातायात नीति २०८३ अनुसार आर्थिक वर्ष २०८२/८३ सम्म नेपालमा दर्ता भएका कुल विद्युतीय साधनहरुको सङ्ख्या ६३ हजार २८० पुगेको छ । आव २०८२/८३ को फागुनसम्म देशभर ६२ लाख ४९ हजार सात सय ३२ सवारीसाधन दर्ता भइसकेका छन् । दर्ता भएकामध्ये सवारीसाधन र यातायातका साधनमध्ये ५० लाखभन्दा बढी मोटरसाइकल रहेका छन् । मोटरसाइकलको हिस्सा ८० प्रतिशतभन्दा बढी छ ।

**दुई हजारभन्दा धेरै चार्जिङ्ग स्टेशन तयार**

नेपाल विद्युत् प्राधिकरण चार्जिङ्ग स्टेशन निर्माण आयोजनाका सहायक प्रबन्धक सागरमणि अधिकारीका अनुसार नेपालभर करिव दुई हजार विद्युतीय सवारीसाधनको चार्जिङ्ग स्टेशन निर्माण भइसकेका छन् । “अहिले त मुलुकका हरेकजसो सहरमा विद्युतीय सवारीसाधनका चार्जिङ्ग स्टेशन तयार भइसकेका छन्”, उहाँले भन्नुभयो, “सरकारी तवरबाट मात्रै एक सयभन्दा धेरै चार्जिङ स्टेशन रहेका छन् भने निजी क्षेत्रको तर्फबाट एक हजार नौ सयभन्दा धेरै चार्जिङ्ग स्टेशन तयार भइसकेका छन् ।” उहाँले विद्युतीय सवारीसाधनतर्फ सर्वसाधारणको रोजाई बढेसँगै चार्जिङ्ग स्टेशन पनि धमाधम निर्माण भइरहेको बताउनुभयो ।

“सरकारले विद्युतीय सवारीसाधन प्रवर्द्धन गर्ने नीति अघि सारेकाले पनि विद्युतीय सवारीसाधनतर्फ सर्वसाधारणको आकर्षण बढिरहेको छ,” उहाँले भन्नुभयो, “सरकारले चारपाङ्गे विद्युतीय सवारीसाधनभन्दा पनि विद्युतीय सार्वजनिक यातायातलाई प्रवर्द्धन गर्ने नीति अघि सार्नुपर्ने बेला भइसकेको छ । सो व्यवस्था हुन सकेन । त्यसले दीर्घकालीन रुपमा नै व्यवस्थित गराउन मद्दत पुऱ्याउनेछ ।”

**यस्तो छ आयातको अवस्था**

नेपालमा गत आव २०८२/८३ मा रु २५ अर्ब ५५ करोड ९९ लाख १७ हजार मूल्य पर्ने १० हजार ८४५ वटा विद्युतीय सवारीसाधन आयात भएका छन् । भन्सार विभागका अनुसार गत आवमा ५० किलोवाट क्षमतादेखि २०१ किलोवाट क्षमताका विभिन्न मोडलका विद्युतीय सवारीसाधन यहाँ भित्रिएका थिए । विभागका अनुसार गत आर्थिक वर्षमा रु छ अर्ब ४८ करोड ८६ लाख ७९ हजार मूल्य पर्ने ५० किलोवाट क्षमताका तीन हजार ६८० विद्युतीय जीप, कार तथा भ्यानहरु आयात भएका छन् ।

त्यस्तैगरी गत आवमा रु १६ अर्ब ४९ करोड ८९ लाख ४६ हजार मूल्य पर्ने ५१ किलोवाटदेखि १०० किलोवाट क्षमताका छ हजार ३५७ वटा विद्युतीय सवारीसाधन भित्रिएका छन् । गत आवमा रु दुई अर्ब ५० करोड १२ लाख १८ हजार मूल्य मूल्य पर्ने एक सय एक किलोवाटदेखि दुई सय किलोवाट क्षमताका ७९८ वटा विद्युतीय सवारीसाधन भित्रिएका छन् । यस्तै गत आवमा भने रु ७१ करोड ७४ हजार मूल्य पर्ने दुई सय एक किलोवाट क्षमताका १० वटा विद्युतीय सवारीसाधन भित्रिएको छ ।

भन्सार विभागका अनुसार आव २०८१/८२ मा भने रु ३१ अर्ब ७४ करोड ५३ लाख ११ हजार मूल्य पर्ने विभिन्न मोडलका १३ हजार ५६७ वटा विद्युतीय सवारीसाधन आयात भएको थियो । विभागका अनुसार आव २०८१/८२ मा रु आठ अर्ब ३१ करोड १४ लाख ८० हजार मूल्य पर्ने ५० किलोवाट क्षमताका चार हजार ७३२ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएको छ । त्यस्तैगरी सोही आवमा रु १८ अर्ब ६२ करोड मूल्य पर्ने ५१ किलोवाटदेखि एक सय किलोवाट क्षमताका सात हजार ४३१ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएका छन् । आव २०८१/८२ मा नै रु चार अर्ब ५३ करोड मूल्य पर्ने १०१ किलोवाटदेखि दुई सय किलोवाट क्षमताका एक हजार ३६२ वटा विद्युतीय, जीप, कार र भ्यान आयात भएको छ ।

नाडाका पूर्वअध्यक्ष थापा पनि सरकारले विद्युतीय सवारीको निश्चित मापदण्ड तोकेर आयात गर्ने व्यवस्था लागू गर्नुपर्ने सुझाव दिनुभयो । “सरकारले कमसल खालका भन्दा पनि गुणस्तरीय र भरपर्दो खालका विद्युतीय सवारीसाधन भित्राउने नीति लिएको खण्डमा सर्वसाधारणलाई धेरै लाभदायक हुने थियो ।” उहाँले विद्युतीय सवारीसाधन आयातकर्ताले पनि सवारीसाधनको पार्टपुर्जा र अन्य मर्मतसम्भारका लागि आवश्यक पर्ने उपकरण पनि सँगै ल्याउनको लागि पनि अनुरोध गर्नुभयो ।

राष्ट्रिय यातायात नीति, २०८३ अनुसार कुल सवारी फ्लिटको ८० प्रतिशतभन्दा बढी हिस्सा मोटरसाइकलले ओगटेकाले सडक क्षमता ओगट्ने औँल्याएको छ । दुई पाङ्ग्रे सवारीसाधनको अत्यधिक दबाबमा पर्नुका साथै दुर्घटना जोखिम, सवारी चाप र वायु प्रदूषण बढेको बताइएको छ । नीतिमा यातायात क्षेत्रको वातावरणीय दिगोपन प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल सरकारले विगतमा विभिन्न नीतिगत तथा कार्यक्रमगत पहलहरू अघि बढाउँदै आएको बताइएको छ ।

# झापाका स्थानीय तहले दलित अधिकार ऐन बनाउने

झापा, २५ साउन (रासस) ।

झापाका स्थानीय तहले आगामी आर्थिक वर्षभित्र स्थानीय दलित अधिकार ऐन निर्माण गरी कार्यान्वयनमा ल्याउने प्रतिबद्धता जनाएका छन् ।

कोशी प्रदेश सरकारले पनि दलित सशक्तीकरणसम्बन्धी विधेयक पारित गर्ने प्रक्रिया अघि बढाइरहेका बेला झापाका स्थानीय तहले छुट्टै कानुनी व्यवस्था गर्ने प्रतिबद्धता जनाएका हुन् ।

मानवअधिकार मञ्च नेपाल इलामको आयोजना तथा जिल्ला समन्वय समिति झापाको सहकार्यमा बिर्तामोडमा आइतबार सम्पन्न दुईदिवसीय कार्यशालाले पारित गरेको ‘१० बुँदे झापा घोषणापत्र-२०८३’ मार्फत जिल्लाका १५ वटै पालिकाले आगामी आर्थिक वर्षभित्र स्थानीय दलित अधिकार ऐन सम्बन्धित पालिकाको सभाबाट पारित गर्ने प्रतिबद्धता जनाएका हुन् । ऐनमार्फत दलित अधिकार समिति गठन गरी त्यसलाई कार्यान्वयनमा लैजानेसमेत घोषणापत्रमा उल्लेख छ ।

घोषणापत्रमा दलित समुदायको जनसाङ्ख्यिक तथा सामाजिक, आर्थिक ‘प्रोफाइल’ तयार गरी त्यसका आधारमा नीति, योजना र बजेट निर्माण गर्ने तथा पाँचवर्षे दलित विकास रणनीतिक योजना कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।

जातीय विभेद तथा छुवाछूतमुक्त वडा र पालिका घोषणाका लागि अभियान सञ्चालन गर्ने, दलित उत्तरदायी बजेटको व्यवस्था गर्ने तथा परम्परागत सीप र पेसालाई व्यवसायीकरण गर्ने विषय समेटिएका छन् ।

कार्यशालाको समापनमा कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुन राज्यमन्त्री उमाकान्त गौतमले आगामी अधिवेशनबाट दलित सशक्तीकरण विधेयक पारित गर्ने प्रक्रिया अघि बढ्ने बताउनुभयो ।

विधेयकमाथि दफावार छलफल सम्पन्न भइसकेकाले अब पारित गर्ने चरणमा पुगेको उहाँको भनाइ छ । “दलित सशक्तीकरण विधेयकमाथि दफावार छलफल सकिसकेका छौं । अब यो पारित हुने चरणमा पुगेको छ”, राज्यमन्त्री गौतमले भन्नुभयो, “आगामी अधिवेशनबाट विधेयक पारित गर्ने गरी प्रक्रिया अघि बढ्छ ।”

कोशी प्रदेशमा दलित सशक्तीकरणसम्बन्धी कानुन निर्माणको गृहकार्य २०७६ सालदेखि सुरु भएको थियो । लामो समयसम्म प्रक्रिया अघि बढ्न नसकेको सन्दर्भमा दलित अधिकारकर्मीले प्रश्न उठाउँदै आएका थिए । राज्यमन्त्री गौतमले सरोकारवालासँग पर्याप्त छलफल र परामर्श आवश्यक भएकाले प्रक्रिया लम्बिएको बताउनुभयो ।

मानवअधिकार मञ्च नेपाल इलामका कार्यकारी निर्देशक देवेन्द्र विश्वकर्माले अन्य प्रदेशमा दलित सशक्तीकरणसम्बन्धी ऐन कार्यान्वयनमा आइसकेकाले कोशीमा पनि विधेयक शीघ्र पारित गर्नुपर्ने बताउनुभयो । कार्यशालामा झापाका १५ वटै पालिकाका जनप्रतिनिधि, जिल्ला प्रशासन, राजनीतिक दल, मानवअधिकारकर्मीलगायतको सहभागिता थियो ।

मानवअधिकार मञ्च नेपाल इलामका अध्यक्ष मोहनसिंह थेवेले मञ्चको कार्यक्षेत्र झापासहित इलाम, पाँचथर र ताप्लेजुङ रहेको बताउँदै क्रमशः ती जिल्लामा पनि यस्तै कार्यशाला सञ्चालन गरिने जानकारी दिनुभयो ।

# सुकी रिहाइको आसियान आह्वान म्यान्माद्वारा अस्वीकार

बैङ्कक, २५ साउन (रासस/एपी)।
म्यान्माको सेना समर्थित सरकारले हिरासतमा रहेकी पूर्वनेता आङ सान सुकीको पूर्ण तथा बिना सर्त रिहाइका लागि दक्षिणपूर्वी एसियाली राष्ट्र सङ्घ (आसियान) ले गरेको आह्वान अस्वीकार गर्दै म्यान्माका लागि विशेष दूतको भूमिकामाथि समेत प्रश्न उठाएको छ।

म्यान्माका पूर्वसेना प्रमुख तथा वर्तमान राष्ट्रपति मिन आङ ह्लाइङले सन् २०२१ मा सुकी नेतृत्वको निर्वाचित नागरिक सरकारबाट सत्ता कब्जा गरेपछि राजनीतिक वैधता हासिल गर्न तथा आसियानसँग सम्बन्ध सुधार्न प्रयास गर्दै आएका छन्। तर, उनको सरकारले आसियानको शान्ति पहल कार्यान्वयनमा अपेक्षित प्रगति नगरेका कारण उनीमाथि क्षेत्रीय समूहका उच्चस्तरीय बैठकमा सहभागी हुन प्रतिबन्ध लगाइएको छ।

आसियानले सन् २०२१ को अप्रिलमा म्यान्मामा हिंसा अन्त्य गर्दै द्वन्द्वरत पक्षबीच संवाद अघि बढाउने पाँचबुँदे सहमति गरेको थियो। त्यसलाई कार्यान्वयन गराउन आसियानका विशेष दूतलाई संवाद र मध्यस्थताको जिम्मेवारी दिइएको थियो।

सुकीको अवस्थाबारे अन्तर्राष्ट्रिय चासो बढिरहेका बेला म्यान्मा सरकारले गत साता अन्तर्राष्ट्रिय रेडक्रस समितिका प्रतिनिधिलाई उहाँसँग भेट गर्न अनुमति दिएको थियो। सन् २०२१ मा नजरबन्दमा राखिएयता सुकीले बाह्य



अन्तर्राष्ट्रिय स्वतन्त्र मानवीय संस्थाका प्रतिनिधिसँग भेट गरेको यो पहिलो ज्ञात घटना हाे रे।

एकासी वर्षीया सुकीले राजधानी नेपिटोमा अज्ञात स्थानमा नजरबन्दको सजाय भोगिरहनुभएको छ। उहाँका समर्थक तथा मानवअधिकार समूहहरूले उहाँमाथि लगाइएका मुद्दा राजनीतिक उद्देश्यबाट प्रेरित भएको आरोप लगाउँदै आएका छन्।

आसियानको वर्तमान अध्यक्ष फिलिपिन्सले शुक्रबार भएको भेटलाई संवाद र मेलमिलापतर्फको सकारात्मक कदमका रूपमा स्वागत गरेको थियो। फिलिपिन्सले म्यान्मामा रहेका राजनीतिक बन्दीलाई थप मानवीय पहुँच उपलब्ध गराउन आग्रह गर्दै सुकीको 'पूर्ण र बिना सर्त रिहाइ' को माग दोहोऱ्याएको थियो।

तर, म्यान्माको विदेश मन्त्रालयले शनिबार अबेर जारी गरेको वक्तव्यमा आसियानको उक्त मागप्रति असहमति जनाएको छ। सरकारले मानवीय आधारमा सुकीको सजाय घटाएको दाबी गर्दै उहाँको पूर्ण तथा बिना सर्त रिहाइ कानूनअनुसार मात्र सम्भव हुने जनाएको छ।

मन्त्रालयले आसियानका वर्तमान विशेष दूत तथा फिलिपिन्सका विदेशमन्त्री मारिया थेरेसा लाजारोसँग सहकार्य जारी राख्ने जनाएको छ। तर, आगामी जनवरी १ देखि सिङ्गापुरले आसियानको अध्यक्षता सम्हालेपछि विशेष दूतको सोही प्रक्रियालाई निरन्तरता दिन आवश्यक नरहेको म्यान्मा सरकारको भनाइ छ।

म्यान्मा सरकारले देशमा जनताको वास्तविक इच्छालाई प्रतिबिम्बित गर्ने बहुदलीय निर्वाचनबाट नयाँ सरकार गठन भएको दाबी गरेको छ। राष्ट्रपति बनेपछि तीन महिनाभन्दा बढी समयपछि सार्वजनिक भाषण गर्दै मिन आङ ह्लाइङले पनि आसियानको शान्ति योजनाप्रति असन्तुष्टि जनाउनुभएको थियो। उहाँले केही आसियान सदस्य राष्ट्रले म्यान्माप्रति भेदभाव गरेको आरोप लगाउँदै आफ्नो सरकारले परिस्थितिअनुसार छुट्टाछुट्टै प्रतिक्रिया दिने बताउनुभएको थियो।

म्यान्मामा डिसेम्बर र जनवरीमा सम्पन्न निर्वाचनलाई भने आलोचकहरूले नागरिक शासन पुनःस्थापना गर्ने प्रयासभन्दा सेनाको राजनीतिक तथा सत्तागत पकडलाई थप बलियो बनाउने उद्देश्यले गरिएको प्रक्रियाका रूपमा चित्रण गरेका छन्। उनीहरूले निर्वाचन स्वतन्त्र र निष्पक्ष नभएको तथा सेनाको प्रभावबाट मुलुकलाई बाहिर निकाल्न नसक्ने दाबी गर्दै आएका छन्।

# धनुषा, महोत्तरी र सर्लाहीका ग्रामीण क्षेत्रका भौतिक पूर्वाधार निर्माण प्राथमिकतामा

जनकपुरधाम, २५ साउन (रासस)।
मधेस प्रदेशको धनुषा, महोत्तरी र सर्लाही जिल्लामा गत आर्थिक वर्ष २०८२/८३ मा ग्रामीण क्षेत्रका भौतिक पूर्वाधार निर्माणमा उल्लेखनीय प्रगति भएको छ। सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालयका अनुसार उक्त अवधिमा विद्यालय भवन, सडक, नाला, कल्भर्ट, सामुदायिक भवनलगायत संरचना निर्माणलाई प्राथमिकताका साथ अघि बढाइएको हो।

कार्यालयका सूचना अधिकारी एवं इञ्जिनियर सुधिर साहका अनुसार तीन जिल्लामा १२ वटा विद्यालय भवन निर्माण सम्पन्न भएका छन्। तीमध्ये सर्लाहीमा सात तथा धनुषा र महोत्तरीमा एक/एक वटा विद्यालय भवन निर्माण भएका हुन्। त्यसैगरी, धनुषा, महोत्तरी र सर्लाहीमा एक/एक वटा सामुदायिक भवन निर्माण भएका छन्।

महोत्तरीमा एउटा स्वास्थ्य भवन निर्माण सम्पन्न भएको छ भने महोत्तरीमा एउटा र सर्लाहीमा दुई वटा आपतकालीन आश्रयस्थल (इमर्जेन्सी सेल्टर) निर्माण गरिएको सूचना अधिकारी साहले जानकारी दिनुभयो। सडक पूर्वाधारतर्फ सबैभन्दा बढी प्रगति महोत्तरी जिल्लामा देखिएको छ।

सडकको आधारभूत तह निर्माणतर्फ धनुषामा २३ हजार १८६ मिटर, महोत्तरीमा आठ हजार ७४७ मिटर र सर्लाहीमा ७०० मिटर काम भएको छ। त्यस्तै, धनुषामा तीन हजार ५९० मिटर, महोत्तरीमा आठ हजार ५८३ मिटर र सर्लाहीमा चार हजार २८ मिटर कालोपत्र सडक निर्माण भएको कार्यालयले जनाएको छ।

सडक ढलानतर्फ धनुषामा ३३९ मिटर, महोत्तरीमा एक हजार ३४७ मिटर र सर्लाहीमा एक हजार ४११ मिटर निर्माण भएको छ। नाला निर्माणतर्फ धनुषामा पाँच हजार ३०५ मिटर, महोत्तरीमा एक हजार ५९० मिटर र सर्लाहीमा ४१० मिटर काम सम्पन्न भएको छ।

'कम्पाउन्ड वाल' निर्माणतर्फ धनुषामा १३४ मिटर, महोत्तरीमा १६६ मिटर र सर्लाहीमा ७०० मिटर काम भएको छ। महोत्तरीमा १९६ मिटर इन्टरलक रोड (ब्लक छापिएको बाटो) सम्पन्न भएको छ भने धनुषामा १५० मिटर पोखरीघाट निर्माण गरिएको सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालयले जनाएको छ।

धनुषा र सर्लाहीमा दुई/दुई वटा तथा महोत्तरीमा एउटा कल्भर्ट निर्माण भएका छन्। भवन निर्माण कार्यालय जनकपुरधामका प्रमुख विनोद सिंहले निरन्तर अनुगमन तथा समयमै बजेट कार्यान्वयन गरिएकाले अधिकांश कार्य निर्धारित समयमा सम्पन्न भएका बताउनुभयो। उहाँका अनुसार बाँकी काम पनि तोकिएको समयभित्र सम्पन्न गर्ने योजनाका साथ अघि बढाइएको छ।

सडक, नाला, कल्भर्ट तथा सार्वजनिक भवन निर्माण समयमै सम्पन्न हुँदा आवागमन, शिक्षा, स्वास्थ्य तथा सामुदायिक सेवा प्रवाहमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको स्थानीयवासीले बताएका छन्।

### *बोलबम...*

वर्षीया चन्द्रकुमारी दास, ६० वर्षीय रामदुलारी दास, ४४ वर्षीया रामकुमारी दास, १७ वर्षीय पन्चा मण्डल, १७ वर्षीय आशिषकुमार यादव, १२ वर्षीया विकी मण्डल, बिनाकुमारी मण्डल र १३ वर्षीय कृष्णाकुमार यादव घाइते भएको प्रहरी नायब उपरीक्षक पालले बताए।

उनका अनुसार घाइतेमध्ये अनुराग मण्डलको अवस्था गम्भीर छ। घाइते सबैलाई तत्काल उद्धार गरी उपचारका लागि फूलकुमारी महतो मेमोरियल अस्पताल कर्जन्हा पठाइएको प्रहरीले जनाएको छ। घटनापश्चात ट्याक्टर चालक फरार रहेकाले खोजी भइरहेको छ।

### *राजु...*

तथा पुनःस्थापना, कानुनी सहायता र सामाजिक मर्यादा कायम गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको उनले बताए।

कार्यक्रममा मधेश प्रदेश सभा सदस्य माला कर्ण, सप्तरीका प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापा, सप्तरीका प्रहरी प्रमुख रूपक खड्का, नेपाल पत्रकार महासंघ शाखा सप्तरीका अध्यक्ष श्रवण देव लगायतले मन्तव्य व्यक्त व्यक्त गरेका थिए।

## विश्व समाचार

### परीक्षा प्रणालीमा सुधारको माग गर्दै झारखण्डमा विद्यार्थी आन्दोलन

नयाँदिल्ली, २५ साउन (रासस/एएफपी)।
भारतको झारखण्डमा सरकारी रोजगारीका लागि हुने परीक्षामा अनियमितता भएको आरोप लगाउँदै विद्यार्थीहरूले सोमबार राज्य विधानसभातर्फ प्रदर्शन गरेका छन्। प्रदर्शनमा सहभागी केही विद्यार्थीले भोक हडतालसमेत गरेका छन्।

राज्यको राजधानी राँचीमा जुलाई २९ देखि सुरु भएको प्रदर्शनमा कम्तीमा छ जना विद्यार्थी भोक हडतालमा छन्। एक साताभन्दा बढी समयदेखि अनशनमा रहेका ३३ वर्षीय विद्यार्थी नेता देवेन्द्र नाथ महतोले परीक्षा सञ्चालनमा निजी कम्पनीको प्रयोग अन्त्य गर्न माग गर्नुभएको छ।

"हामी सम्पूर्ण प्रणालीमा परिवर्तन चाहन्छौं", भारतीय सञ्चारमाध्यमले महतोलाई उद्धृत गर्दै उल्लेख गरेका छन्।

सरकारी परीक्षामा निजी कम्पनीको सङ्लग्नता तथा परीक्षामा भएको भनिएको अनियमितताको विरोधमा प्रदर्शनकारीले केही परीक्षा रद्द गर्न तथा सङ्घीय निकायमार्फत त्यसको अनुसन्धान गर्न माग गरेका छन्।

सोमबार सयौं सुरक्षाकर्मीले काँडेतारसहितको ब्यारिकेड लगाएर विधानसभाको सुरक्षा गरेका थिए। प्रदर्शनकारी र राज्य सरकारबीच यसअघि भएका पटक-पटकका वार्ता निष्कर्षविहीन भएपछि विद्यार्थीहरू नाराबाजी गर्दै विधानसभातर्फ अघि बढेका थिए।

झारखण्डका मुख्यमन्त्री हेमन्त सोरेनले प्रदर्शनकारीका केही माग सम्बोधन गर्दै आन्दोलन अन्त्य गर्ने प्रयास गर्नुभएको छ। परीक्षाको निरीक्षण गर्ने निजामती सेवा निकायका केही सदस्यले पनि राजीनामा दिएका छन्।

"कुनै पनि समस्या वार्तामार्फत समाधान गर्न सकिन्छ", मुख्यमन्त्री सोरेनले आइतबारको सम्बोधनमा भन्नुभएको थियो।

झारखण्डको प्रदर्शन भारतमा सरकारी भर्ना परीक्षाको पारदर्शिता र विश्वसनीयताबारे बढिरहेको असन्तुष्टिको पछिल्लो उदाहरण हो। सीमित सरकारी रोजगारीका लागि लाखौं युवा प्रतिस्पर्धा गर्ने भारतमा सरकारी परीक्षा रोजगारी प्राप्त गर्ने प्रमुख माध्यमका रूपमा रहेको छ।

यसअघि नयाँदिल्लीमा पनि सरकारी परीक्षामा कथित अनियमितताको विरोधमा युवाहरूले लामो समय प्रदर्शन गरेका थिए। उक्त आन्दोलनले भारतको परीक्षा प्रणालीको विश्वसनीयतालाई प्रमुख राजनीतिक मुद्दाका रूपमा समेत उठाएको थियो।

### हसिना प्रत्यर्पणमा भारतसँग बङ्गलादेशको आग्रह

ढाका, २५ साउन (रासस/एएनआई)।
बङ्गलादेशले पूर्वप्रधानमन्त्री शेख हसिनाको प्रत्यर्पण प्रक्रिया अघि बढाउन भारतलाई आग्रह गरेको छ। बङ्गलादेशका प्रधानमन्त्री तारिक रहमान र भारतका नवनियुक्त उच्चायुक्त दिनेश त्रिवेदीबीच सोमबार भएको भेटमा हसिनाको प्रत्यर्पण तथा दुई देशबीचका अन्य महत्त्वपूर्ण विषयमा छलफल भएको हो।

बङ्गलादेशको प्रधानमन्त्री कार्यालयका अनुसार प्रधानमन्त्री रहमानले उच्चायुक्त त्रिवेदीसँगको भेटमा भारतले हसिनाको प्रत्यर्पण प्रक्रिया छिटो अघि बढाउने अपेक्षा व्यक्त गर्नुभएको छ। सन् २०२४ मा विद्यार्थी नेतृत्वको आन्दोलनपछि पदबाट हट्नुभएकी हसिना त्यसयता भारतमा रहँदै आउनुभएको छ।

बङ्गलादेश सचिवालयस्थित प्रधानमन्त्री कार्यालयमा भएको शिष्टाचार भेटमा प्रधानमन्त्री रहमानले भारतका उच्चायुक्तलाई स्वागत गर्नुभएको थियो। त्रिवेदीले पनि बङ्गलादेशमा आफ्नो पछिल्लो दुई महिनाको कार्यानुभवबारे जानकारी गराउनुभएको थियो।

प्रधानमन्त्री कार्यालयले जारी गरेको विज्ञप्तिअनुसार बङ्गलादेशले भारतबाट शेख हसिनाको प्रत्यर्पण प्रक्रिया छिटो अघि बढ्ने अपेक्षा गरेको छ। ढाकाले सन् २०२५ डिसेम्बर १२ मा गोली हानी हत्या गरिएका जुलाई आन्दोलनका प्रमुख व्यक्तिमध्ये एक शाहिद उस्मान हादीको हत्यामा संलग्न रहेको आरोप लागेका व्यक्तिलाई पनि भारतबाट फिर्ता गर्न आग्रह दोहोऱ्याएको छ। बङ्गलादेश सरकारले हादी हत्याका आरोपीलाई फिर्ता गर्न नयाँदिल्लीसँग पुनः अनुरोध गरिएको जनाएको छ।

भेटका क्रममा दुई देशबीचका प्रमुख द्विपक्षीय विषयमा समेत छलफल भएको थियो। प्रधानमन्त्री रहमानले बङ्गलादेश र भारतबीचको सम्बन्धलाई थप अघि बढाउन अनुकूल वातावरण निर्माण गर्नुपर्नेमा जोड दिनुभएको थियो। बैठकमा बङ्गलादेशका विदेशमन्त्री खलिलुर रहमान, प्रधानमन्त्रीका विदेश मामिला सल्लाहकार हुमायूँ कबीरलगायत सम्बन्धित अधिकारी सहभागी हुनुहुन्थ्यो।

उच्चायुक्त त्रिवेदी र प्रधानमन्त्री रहमानबीचको भेट उहाँले बङ्गलादेशका विदेशमन्त्री रहमानसँग छुट्टै भेट गरेको एक दिनपछि भएको हो। पछिल्लो समय हसिनाको भारतबाट सार्वजनिक अभिव्यक्तिलाई लिएर ढाका र नयाँदिल्लीबीच कूटनीतिक तनाव देखिएका बेला बङ्गलादेशको शीर्ष नेतृत्वसँग भारतीय उच्चायुक्तको भेटलाई महत्त्वका साथ हेरिएको छ।

दुई देशबीचको पछिल्लो कूटनीतिक संवाद हसिनाले गत अगस्ट ५ मा नयाँदिल्लीबाट गरेको भर्चुअल सम्बोधनपछि भएको हो। दक्षिण एसियाली विदेशी सञ्चारकर्मीहरूको क्लबले आयोजना गरेको कार्यक्रममा हसिनाले सन् २०२४ को विद्यार्थी नेतृत्वको आन्दोलनपछि आफू देशबाट बाहिरिनुपरेको घटनाको दोस्रो वार्षिकोत्सवका अवसरमा सम्बोधन गर्नुभएको थियो।

# विराटनगर जुट मिल पुनः सञ्चालनका लागि अध्ययन कार्यदल गठन



काठमाडौँ, २५ साउन (रासस) ।
सरकारले विराटनगर जुट मिल पुनः सञ्चालनका लागि अध्ययन गर्न एक कार्यदल गठन गरेको छ । उद्योगको विद्यमान आर्थिक, प्राविधिक तथा कानुनी अवस्था अध्ययन गरी पुनः सञ्चालनका लागि उपयुक्त विकल्प सिफारिस गर्न विज्ञसहितको कार्यदल गठन गर्ने निर्णय गरिएको हो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमबार बसेको बैठकले विराटनगर जुट मिलको वर्तमान अवस्था, यसअघि भएका निर्णय तथा विभिन्न निकायबाट तयार गरिएका अध्ययन प्रतिवेदनको समीक्षा गर्दै मिल पुनः सञ्चालनका लागि आवश्यक रणनीति तय गर्ने उद्देश्यले कार्यदल गठन गर्ने निर्णय गरेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव वीरेन्द्रकुमार यादवले जानकारी दिनुभयो ।

बैठकमा सचिव यादवका साथै अर्थ सचिव र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवसहित सम्बन्धित मन्त्रालयका अधिकारी तथा सरोकार भएका निकायका प्रतिनिधिहरू सहभागी हुनुहुन्थ्यो । सो अवसरमा जुट मिलको व्यवस्थापन, सञ्चालनको सम्भावना, विद्यमान समस्या तथा पुनः सञ्चालनका लागि अपनाउन सकिने विभिन्न विकल्पबारे छलफल भएको थियो ।

सचिव यादवका अनुसार कार्यदलले पुनः सञ्चालनका लागि आवश्यक आर्थिक, प्राविधिक, कानुनी तथा अन्य सम्बन्धित पक्षको वस्तुगत अध्ययन गर्नेछ । कार्यदलको अध्ययन तथा सिफारिसका आधारमा आवश्यक निर्णय लिइनेछ । कार्यदलले एक महिनाभित्र अध्ययन गरी प्रतिवेदन दिने जनाइएको छ ।

**सहसचिवको संयोजकत्वमा कार्यदल**

प्रधानमन्त्री कार्यालयका अनुसार कार्यदलको संयोजकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका संस्थान हेर्ने सहसचिव रहनुहुनेछ । साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव, अर्थ मन्त्रालयका उपसचिव र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका उपसचिव सदस्य रहनुहुनेछ ।

त्यस्तै, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट दुई जना विज्ञ सदस्य मनोनित गरिनेछ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सरकारी उद्योग तथा संस्थान शाखाका उपसचिव सदस्य-सचिव रहनुहुनेछ ।

कार्यदलले आफ्नो प्रतिवेदन एक महिनाभित्र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पेस गर्नेछ । मिल पुनः सञ्चालनका सम्बन्धमा यसअघि लिइएका निर्णय तथा विभिन्न निकायबाट गठन भएका कार्यदलले पेस गरेका प्रतिवेदन, सुझाव र सिफारिसहरूको पनि कार्यदलले अध्ययन गर्नेछ ।

साथै मिल परिसरमा रहेका भवन, कारखाना, अन्य भौतिक संरचना, मेसिनरी तथा पार्टपुर्जाको वर्तमान अवस्थासमेत अध्ययन गरिनेछ । सम्पत्ति तथा दायित्वसम्बन्धी विषयको फरफारकका लागि आवश्यक कानुनी तथा व्यावहारिक सुझाव सरकारलाई पेस गर्ने जिम्मेवारीसमेत कार्यदललाई दिइएको छ ।

# सीमासम्बन्धी अभिव्यक्ति सच्याउन सांसदहरुको माग

काठमाडौँ, २५ साउन (रासस) ।
प्रतिनिधिसभाको बैठकमा सांसदहरुले सीमासम्बन्धी अभिव्यक्ति सच्याउन माग गर्नुभएको छ ।

गत जेठ १७ गते सीमा सम्बन्धमा प्रधानमन्त्रीबाट संसद्मा व्यक्त भएको अभिव्यक्ति सच्याउन आग्रह गर्नुभएको हो । प्रतिनिधिसभाको बैठक सुरु हुनासाथ विपक्षी दलका सांसदले आसनबाट उभिएर विरोध जनाउनु भएपछि सभामुखले दलीय आधारमा बोल्न समय दिनुभएको थियो । बैठकमा नेपाली कांग्रेसका सांसद रेनुका काउचाले प्रधानमन्त्रीले सीमा सम्बन्धमा दिनुभएको अभिव्यक्तिबारे हालसम्म स्पष्ट जवाफ नआएको बताउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी ( एमाले) का सांसद नीता घतानीले मुलुकको सिमानाका सम्बन्धमा बोल्दा गम्भीर हुनुपर्ने बताउँदै प्रधानमन्त्रीबाट राष्ट्रका नाममा हुने सम्बोधन सरकारी सञ्चार माध्यमबाट हुनुपर्ने बताउनुभयो । नेपाली कम्युनिष्ट पार्टीका सांसद गणेश विश्वकर्माले नेपाल भारत सीमाका सम्बन्धमा सरकारबाट स्पष्ट जवाफ आउनुपर्ने धारणा राख्नुभयो ।

सांसद विश्वकर्माले दलित, बधुवा श्रम, दलित भूमिहिन, लघुवित्त पीडितका माग वार्ताका माध्यमबाट सम्बोधन गर्न माग गर्नुभयो । उहाँले कानुन, न्याय तथा मानवअधिकार समितिले अन्तरराष्ट्रिय मानव अधिकारवादी संस्थालाई बोलाउनु कानुन मुताविक नभएको टिप्पणी गर्नुभयो ।श्रम संस्कृति पार्टीका सांसद ध्रुवराज राईले देशको सीमा सम्बन्धमा सरकार प्रमुखबाट व्यक्त धारणा स्पष्ट हुनुपर्ने बताउनुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद सरस्वती लामाले नेपाल बहुजातीय, बहुभाषी, बहुसांस्कृतिक मुलुक भएको उल्लेख गर्दै सबै धार्मिक संस्थाको दर्ता कानुनअनुसार गर्न र आर्थिक पारदर्शिता अपनाउन अनुरोध गर्नुभयो ।

# दाइजो प्रथा अन्त्यका लागि मधेसबाट राष्ट्रिय अभियान सुरु गरिने

काठमाडौँ, २५ साउन (रासस) ।
दाइजो प्रथा अन्त्यका लागि मधेस प्रदेशबाट राष्ट्रिय अभियान सुरु गर्न लागिएको छ । महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री सीता वादी र मधेसी आयोगका पदाधिकारीबीच सोमबार मन्त्रालयमा सोही विषयमा छलफल भएको हो ।

छलफलका क्रममा दाइजो प्रथाविरुद्धको राष्ट्रिय अभियानलाई प्रभावकारी बनाउन आवश्यक राय, सुझाव तथा सहकार्यका विषयमा विचारविमर्श भएको थियो । मधेसबाट अभियानको सुरुआत गरी क्रमशः देशभर विस्तार गर्दै अभियानलाई समुदायस्तरसम्म पुर्याउने लक्ष्य रहेको जनाइएको छ ।

दाइजो प्रथा महिलामाथिको आर्थिक तथा सामाजिक शोषण, लैङ्गिक विभेद र घरेलु हिंसासँग जोडिएको गम्भीर सामाजिक कुरीति भएको उल्लेख गर्दै यसको अन्त्यका लागि कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनसँगै सामाजिक सोच र व्यवहारमा परिवर्तन ल्याउनुपर्नेमा जोड दिइएको थियो ।

मन्त्री वादीले 'दाइजोमुक्त नेपाल' निर्माणलाई सरकारको मात्र जिम्मेवारी नभई सम्पूर्ण समाजको साझा राष्ट्रिय अभियानका रूपमा अघि बढाउनुपर्ने बताउनुभयो । परिवार र समुदायबाटै दाइजो प्रथाविरुद्ध चेतना विस्तार गर्दै युवा, महिला, स्थानीय तह, शैक्षिक संस्था, सामाजिक तथा धार्मिक अगुवा, नागरिक समाज, सञ्चारमाध्यमलगायत सबै पक्षलाई अभियानमा जोड्नुपर्ने उहाँले बताउनुभयो ।

यसअघि प्रतिनिधिसभाकी उपसभामुख रुवी कुमारीसँग पनि दाइजो प्रथा अन्त्य गर्ने तथा 'दाइजोमुक्त नेपाल' अभियानका विषयमा छलफल भएको जानकारी गराउँदै मन्त्री वादीले आगामी दिनमा यस विषयमा अन्य सरोकार भएका निकायका प्रतिनिधिसँग पनि छलफल गरी परामर्श लिने र प्राप्त राय सुझावका आधारमा अभियानलाई अघि बढाइने बताउनुभयो ।

भेटका क्रममा मधेसी आयोगले मधेसमा महिला तथा बालबालिकाले सामना गरिरहेका बालविवाह, घरेलु तथा लैङ्गिक हिंसा, शिक्षा तथा स्वास्थ्यमा पहुँचको कमी, बोक्सीको आरोपका कारण हुने हिंसा, बालश्रम तथा बालशोषण, मानव बेचबिखन तथा ओसारपसार, नागरिकता तथा पहिचानसम्बन्धी समस्या, महिलाको निर्णय प्रक्रियामा न्यून सहभागितालगायत विषयमा आफ्ना राय सुझाव प्रस्तुत गरेको थियो ।

दाइजो प्रथा अन्त्यका लागि 'दाइजो नलिने, नदिने' संस्कारको विकास, समुदायस्तरमा निरन्तर जनचेतना विस्तार, युवाको नेतृत्व र सहभागिता वृद्धि तथा सङ्घ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय र सहकार्य गर्ने विषयमा छलफल भएको थियो ।

आगामी दिनमा सरोकार भएका निकायका प्रतिनिधिसँग थप छलफल तथा परामर्श गर्दै प्राप्त सुझावलाई समेटेर 'दाइजोमुक्त नेपाल' अभियानलाई मधेसबाट सुरु गरी क्रमशः देशव्यापी रूपमा अघि बढाउने योजना रहेको मन्त्रालयले जनाएको छ ।

# 'ढल्केबरमा ट्रमा सेन्टर निर्माण अवरुद्ध हुँदैन'

काठमाडौँ, २५ साउन (रासस) ।
धनुषाको ढल्केबरमा प्रस्तावित ट्रमा सेन्टर निर्माणको माग उठान भइरहेका बेला स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले ढल्केबरको ट्रमा सेन्टर निर्माण प्रक्रिया नरोकिने स्पष्ट पार्नुभएको छ ।

उहाँले नयाँ संरचना निर्माण सम्पन्न हुन समय लाग्ने भएकाले तत्कालका लागि लहानस्थित प्रादेशिक अस्पतालमा 'ट्रमा युनिट' सञ्चालन गर्न लागिएको बताउनुभएको हो ।

सोमबार प्रतिनिधिसभामा जवाफ दिँदै मन्त्री मेहताले ढल्केबरमा क्रिटिकल केयर तथा ट्रमा सेन्टर निर्माणको प्रक्रिया अघि बढिसकेको बताउनुभएको हो ।

मन्त्री मेहताका अनुसार दुर्घटनामा गम्भीर घाइते भएका नागरिकलाई उपचारका लागि काठमाडौँ ल्याउनुपर्ने बाध्यता अन्त्य गर्न सरकारले तत्काल सेवा र दीर्घकालीन पूर्वाधार निर्माणलाई सँगसँगै अघि बढाएको छ । लहानस्थित प्रादेशिक अस्पतालमा सीटी स्क्यान, आवश्यक चिकित्सकीय जनशक्ति, बिरामीको पर्याप्त चाप तथा ब्लड बैङ्कलगायत ट्रमा सेवा सञ्चालनका लागि आवश्यक आधारभूत पूर्वाधार रहेकाले त्यहाँ तत्काल ट्रमा युनिट सञ्चालन गर्ने निर्णय गरिएको मन्त्री मेहताले बताउनुभयो ।

"लहानमा ट्रमा युनिट सञ्चालन गर्नु ढल्केबरको विकल्प होइन", मन्त्री मेहताले स्पष्ट पार्नुभयो, "नयाँ संरचना निर्माण सम्पन्न नहुँदासम्म नागरिकलाई तत्काल उपचार उपलब्ध गराउने अन्तरिम र व्यावहारिक व्यवस्था हो ।"

मन्त्री मेहताले एक ठाउँमा दीर्घकालीन स्वास्थ्य संरचना निर्माण भइरहँदा अर्को ठाउँमा तत्काल सेवा विस्तार गर्नु विरोधाभास नभएको बताउनुभएको छ । सरकारको नीति नै आवश्यकताअनुसार देशका विभिन्न स्थानमा ट्रमा सेन्टर तथा ट्रमा युनिट विस्तार गर्ने रहेको उहाँको भनाइ छ ।

"हाम्रो उद्देश्य एउटै हो- दुर्घटनामा परेका नागरिकले समयमै उपचार पाउन् र उपचारका लागि काठमाडौँ धाउनुपर्ने बाध्यता अन्त्य होस्", मन्त्री मेहताले भन्नुभयो ।

मन्त्री मेहताले ढल्केबरमा निर्माण भइरहेको संरचनालाई अगाडि बढाउन तथा उपलब्ध पूर्वाधारबाट तत्काल नागरिकलाई सेवा दिने वातावरण बनाउन जनप्रतिनिधि र सम्बन्धित सबै पक्षलाई सहयोग गर्न समेत आग्रह गर्नुभएको छ ।

# अन्तरराष्ट्रिय हवाई भाडा कम गर्न माग

काठमाडौँ, २५ साउन (रासस) ।
सोसाइटी अफ ट्राभल एन्ड टुर अपरेटर्स (सोट्टो) नेपालले अन्तरराष्ट्रिय हवाई भाडा महँगो हुँदा नेपालको पर्यटन क्षेत्र प्रभावित भएको टिप्पणी गरेको छ ।

सोट्टो नेपालले आइतबार पर्यटन पत्रकारसँग गरेको अन्तर्क्रियामा अध्यक्ष मानवबहादुर शाहीले अन्तरराष्ट्रिय हवाई भाडा अत्यधिक महँगो हुँदा नेपाल आउने पर्यटक प्रभावित भएको बताउनुभयो ।

उहाँले पर्यटनलाई उद्योगका रूपमा मान्यता दिन, श्रम तथा सुरक्षा मापदण्ड बलियो बनाउन तथा अव्यावहारिक कर र नियम हटाउन सरकारसँग माग गर्नुभयो । अध्यक्ष शाहीले विदेशी वायुसेवा कम्पनीको एकाधिकार बढ्दै गएको भन्दै राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमलाई थप जहाज व्यवस्थापन गरी कम्पनी मोडलमा सञ्चालन गर्नुपर्ने बताउनुभयो ।

सन् २००८ मा स्थापना भएको सोट्टो नेपालले पर्यटन क्षेत्रमा देखिएका विकृति र विसङ्गतिको अन्त्य गर्दै स्वस्थ तथा मर्यादित पर्यटन वातावरण निर्माणमा सक्रिय भूमिका खेल्दै आएको जनाएको छ ।

कार्यक्रममा सोट्टो नेपालका पूर्वअध्यक्ष भुवनबहादुर पाण्डेले आफूहरूले स्थापनाकालदेखि नै अन्तरराष्ट्रिय बजारमा नेपालको पर्यटन सम्भावना प्रवर्द्धन गर्दै आएको जानकारी दिनुभयो ।

उहाँका अनुसार सिङ्गापुर, मलेसिया, रुस, फिनल्यान्ड, थाइल्यान्ड, भियतनाम, कम्बोडिया र भारतका विभिन्न राज्यमा पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिएको छ ।

आन्तरिक पर्यटनतर्फ रारा, खप्तड, रेसुङ्गा, ऋषिकेश मन्दिर, सुपादेउराली र स्वर्गद्वारीजस्ता धार्मिक तथा पर्यटकीय गन्तव्यको प्रवर्द्धन गरिएको सोट्टो नेपालले जनाएको छ । स्थानीय तहसँगको सहकार्यमा पदयात्रा, होमस्टे प्रवर्द्धन तथा स्थानीय पर्यटन विकासका कार्यक्रमसमेत सञ्चालन हुँदै आएका छन् ।

### ग्यास...

ग्यास उपलब्ध गराउने कार्य गरेको पाइएमा कानुन बमोजिम कारवाही हुने जनाइएको छ ।

उल्लेखित नियम विपरीत कार्य गरेको पाइएमा कालो बजार तथा अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ र उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम कारबाही गरिने र ग्यास सिलिण्डर समेत जफत गरिने चेतावनी समेत सूचना मार्फत दिइएको छ ।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np